## अध्याय एक

# १ शोधकार्यको परिचय

### १.१ शोध शीर्षक

लोक-संस्कृति कुनै पनि राष्ट्रमा बसोवास गर्ने धरातलका जनताको रचनात्मक अभिव्यक्ति हो। यसमा प्रकृति, इतिहास, साहित्य, भाषा, धार्मिक, सांस्कृतिक मूल्य मान्यता, सभ्यता सबै कुरा संरक्षित भएको हुन्छ। लोक-संस्कृतिको उत्स लोक हो। नेपाली साहित्यको प्रारम्भिक स्रष्टा पनि लोक नै थिए। लोकले आफूलाई व्यक्त गर्नका निम्ति गरेको निश्चल चेष्टाबाट नै साहित्यको जन्म भयो। आज प्रकृति अध्ययन, जातीय अध्ययन, समाजशास्त्र, मानवशास्त्र -जस्ता नवीन ज्ञानानुशासनको अध्ययन गर्न लोकमा नै पुग्नु पर्छ। विगत लोक-संस्कृतिको मुख्य आधार हो जसको शाब्दिक अनि भावात्मक अभिव्यक्ति लोककथा र लोकगाथाहरूमै हुने गर्छ। युगीन सामाजिक अनि सांस्कृतिक परिवेशको झलक साहित्यले प्रस्तुत गर्छ साथसाथै संरक्षित पनि गर्ने काम गर्छ। प्रारम्भिक कालीन नेपाली पद्यदेखि वर्तमान आख्यान-कृतिहरूमा नेपाली लोक-संस्कृतिको झलक कतै न कतै रेखाङ्कित भएको पाइन्छ। यसैले लोक-संस्कृतिको संरक्षणमा साहित्यको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने प्रस्ट देखिन्छ। साहित्यिक मूल्याङ्कनमा संस्कृति आधारभूत तत्त्वका रूपमा विद्यमान हुन्छ भनिएको छ। त्यसो हुँदा लोक-सांस्कृतिक अध्ययनको माध्यम साहित्यलाई पनि बनाउन सकिन्छ भन्ने विषयमा लोक-सांस्कृतिक मान्यताका आधारमा अनुसन्धान गर्ने अभिप्राय लिएर ‘इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन’ शीर्षक ग्रहण गरिएको छ।

### १.२ शोधको प्रयोजन

वर्तमानमा उत्तरसंरचनावादको आगमनले निम्न र उच्च भनिने संस्कृतिमाझ दुरी नै मेटिदिइसकेको छ भने लोकप्रिय संस्कृतिको प्रचारप्रसारले अझै सबैभन्दा ठुलो धक्का लोक-संस्कृतिलाई पुऱ्याएको छ। यस्तो स्थितिमा एक अर्का जातिमाझ सद्भावना र सहकार्य गर्नाले लोक-संस्कृतिको संरक्षण गर्न सकिन्छ। लोक-संस्कृतिको संरक्षण साहित्यको माध्यमबाट पनि गर्न सकिन्छ। समयले भुल्दै र त्याग्दै गएका सांस्कृतिक मूल्य मान्यताको आलेखन साहित्यमा भएको हुन्छ। साहित्यको माध्यमद्वारा हाम्रो आफ्नो विगत अर्थात्

सांस्कृतिक झाँकीबारे जानेर, बुझेर त्यसबाट सिकेर सुसंस्कृत बन्ने गर्छौं। त्यसैले लोक-संस्कृतिको संरक्षणमा साहित्यको भूमिका धेरै ठुलो रहेको मान्न सकिन्छ। त्यसैले लोक-सांस्कृतिक अध्ययनका लागि साहित्यलाई माध्यम बनाउन सकिन्छ भन्ने विषयमा अनुसन्धान गर्नु यस शोधकार्यको प्रयोजन हो। साथै उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभागको अधीनमा शोधकार्यसम्बन्धी नियमहरूलाई पालन गरी विद्यावारिधि उपाधि प्राप्त गर्नु यसको मुख्य प्रयोजन रहेको छ।

## १.३ शोधको समस्याकथन

आधुनिककालको नेपाली गद्याख्यानमा लोक-संस्कृतिको सान्दर्भिक भूमिका रहेको देखिन्छ। अधिकांश विश्वका लेखकहरूले लोक-सांस्कृतिक सन्दर्भहरूलाई सिर्जनात्मक वाणी दिएका छन्। इन्द्रबहादुर राईका गद्याख्यानमा पनि पाइने एउटा प्रबल पक्ष लोक-सांस्कृतिक सन्दर्भहरूको अभिव्यक्ति हो। नेपाली लोक एवम् जातीय कला, संस्कृति रीतिथिति, वेशभूषा, रहनसहन, खानपान र अन्य वैभवलाई उपान्तबाट उठाएर भारतीय समाजको केन्द्रमा स्थापित गराउन सचेत बन्दै सो विषयलाई आख्यानमा प्रतिपादित गर्ने लेखकहरूमध्ये इन्द्रबहादुर राई अग्रपङ्क्तिमा नै पर्छन्। यसैले नेपाली लोकजीवन र तिनको सांस्कृतिक अवयवहरू बारेमा अध्ययन तथा अनुशीलनका लागि राईका गद्याख्यान महत्त्वपूर्ण सामग्री रहेको छ। यसो हुँदा उनका गद्याख्यानमा वर्णित नेपाली लोकजीवन र तिनको सांस्कृतिक सन्दर्भहरूको अध्ययन-अनुसन्धान हुनु आवश्यक छ। यसैले उनका गद्याख्यानमा नेपाली लोक-संस्कृतिको निरूपण के कस्तो रूपमा भएको छ भन्ने प्रश्न नै प्रस्तुत शोधकार्यको मुख्य समस्या हो। यिनै मूल समस्यासँग सम्बद्ध निम्नलिखित समस्याहरूका बारेमा विचार गरिएको छ–

- लोक-सांस्कृतिक अध्ययनको स्वरूप र मूलभूत विशेषताहरू के हुन्?
- लोक-सांस्कृतिक दृष्टिले गद्याख्यानको विश्लेषण कुन कुन आधारमा गर्न सकिन्छ?
- इन्द्रबहादुर राईका गद्याख्यानमा लोकवार्ता, शिष्ट संस्कृति, लोकप्रिय संस्कृति, सांस्कृतिक अध्ययन र पर्यावरणमाझ लोक-संस्कृतिको के कस्तो सम्बन्ध देखिएको छ?
- लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका कथाहरूको संरचना र त्यसको प्रस्तुति के कस्तो छ?
- लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका उपन्यासको संरचना र त्यसको प्रस्तुति के कस्तो छ?

## १.४ शोधको उद्देश्यकथन

माथिका शोध समस्याहरूको समाधानार्थ निम्नलिखित उद्देश्यहरू बुँदागत रूपमा राखिएको छ-

- लोक-सांस्कृतिक अध्ययनको स्वरूप र मूलभूत विशेषताहरू निर्धारण गर्ने।
- लोक-सांस्कृतिक दृष्टिले गद्याख्यान विश्लेषणका आधार निर्माण पार्ने।
- इन्द्रबहादुर राईका गद्याख्यानमा लोकवार्ता, शिष्ट संस्कृति, लोकप्रिय संस्कृति, सांस्कृतिक अध्ययन र पर्यावरणमाझ लोक-संस्कृतिको प्रवृत्तिगत समानता र असमानताबारे चर्चा गर्ने।
- लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका कथाहरूको संरचना र प्रस्तुतिको विश्लेषण गर्ने।
- लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका उपन्यासको संरचना र प्रस्तुतिको विश्लेषण गर्ने।

## १.५ शोधकार्यको आवश्यकता र औचित्य

इन्द्रबहादुर राई भारतीय नेपाली साहित्यका आधुनिककालको बहुमुखी प्रतिभा हुन्। उनका तीनवटा कथा सङ्ग्रह **विपना कतिपय** (सन् १९६१), **कथास्था** (सन् १९७२), **कठपुतलीको मन** (सन् १९८९) र एउटा उपन्यास **आज रमिता छ** (सन् १९६४) गरी जम्मा चारवटा आख्यानात्मक कृति प्रकाशित छन्। यी भिन्नाभिन्नै शिल्पशैली र जीवनदृष्टि भएका चारैवटा चर्चित आख्यान कृतिमा पाइने एउटा विशेषता नेपाली लोकजीवन र तिनको लोक-सांस्कृतिक सन्दर्भहरूको कलात्मक प्रस्तुति हो। यस पृष्ठभूमिमा राईका गद्याख्यानमा संस्कार-संस्कृति, लोकरीतिरिबाज, रहनसहन, विश्वासजन्य परम्परागत मान्यता, न्यायप्रणाली, लोकधर्म, सामाजिक जीवन, लोकव्यवसाय, बोलीवचन, मानसिक, शारीरिक तथा विभिन्न लोककला तथा कौशल आदि के कसरी अभिव्यक्त भएको छ भन्ने विषयमा अनुशीलन गरिएको छ। राईका गद्याख्यानले पश्चिम बङ्गाल, सिक्किम, बिहार, असम, बर्मा, नेपाल आदि ठाउँहरूमा बसोबास गर्ने नेपाली र अन्य जात-जातिका विविध लोक-सांस्कृतिक विषयलाई व्यापक समेटेको भए पनि स्थानीय लोकजीवनको सांस्कृतिक अध्ययनको क्षेत्रमा प्रस्तुत शोधकार्य एउटा आवश्यक अनुसन्धानको क्षेत्र रहेको छ भन्न सकिन्छ। पूर्वाध्ययनबाट थाहा लागेअनुसार आजसम्म लोक-सांस्कृतिक दृष्टिले उनका गद्याख्यानको एकीकृत र सम्यक् ढङ्गले शोध वा अनुसन्धान नभएका हुनाले नै यसलाई शोधको आवश्यक विषय ठानिएको हो। लोक-सस्कृति कुनै पनि जात-जाति र तिनीहरूको चिनारी र ज्ञानको आधार

हुनाले साथै यसको अध्ययनका निम्ति साहित्यलाई माध्यम बनाउन सकिने हुँदा नेपाली लोक-संस्कृति निरूपण भएका राईका गद्याख्यानको अध्ययन तथा अनुशीलनको औचित्य रहेको छ। प्रस्तुत शोध प्रबन्ध शोधार्थी, विद्यार्थी र पाठकवर्गका निम्ति पनि उपयोगी हुनेछ।

### १.६ शोधकार्यको सीमा र क्षेत्र

प्रस्तुत शोधकार्यमा इन्द्रबहादुर राईका आजसम्म प्रकाशित तीनवटा कथा सङ्ग्रह **विपना कतिपय** (सन् १९७१, दोस्रो संस्करण), **कथास्था** (सन् १९७२), **कठपुतलीको मन** (सन् १९८९) र एउटा उपन्यास **आज रमिता छ** (सन् १९६४) लाई सीमा क्षेत्र मानिएको छ। एउटा उपन्यास र तीनवटा कथा सङ्ग्रहभित्रका जम्मा चालीसवटा कथाहरूलाई शोध सीमाभित्र राखेर लोक-सांस्कृतिक दृष्टिले विश्लेषण गरिएको छ।

### १.७ शोध सामग्री स्रोत

यस शोध विषयसम्बन्धी पुस्तक, पत्रपत्रिका, शोधपत्र आदि अध्ययन गरेर आवश्यक सामग्री निम्नलिखित पुस्तकालयहरूबाट सङ्कलन गरिएको छ। यसमा उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय र देशबन्धु जिल्ला पुस्तकालय दार्जिलिङ, खरसाङ महाविद्यालयको पुस्तकालय प्रमुख छन्। यसबाहेक सञ्चार माध्यमहरूद्वारा शोधसित सम्बन्धित सामग्रीहरू बटुल्ने काम गरिएको छ। यस सुविधाद्वारा हिन्दी भाषाका पुस्तकहरू, विभिन्न पुस्तकालयका सूची एवम् अन्लाइन जर्नलका लेखहरू उपलब्ध गराउने वेवसाइट खोज्ने र सामग्री सङ्कलनका निम्ति कार्ययोजना तयार पारी आवश्यक सामग्री सङ्कलन गरी तिनको सत्यापन र सामान्यीकरणसमेत गरी शोध प्रबन्धको अन्तिम रूप दिइएको छ।

### १.८ शोध विधि

प्रस्तुत शोधकार्य निगमनात्मक शोध पद्धतिका आधारमा सम्पन्न गरिएको छ, जसअन्तर्गत विवरणात्मक र विश्लेषणात्मक पद्धति ग्रहण गरिएको छ। शोधकार्यमा प्रयुक्त भाषा र व्याकरण एकरूपताका निम्ति **नेपाली लेखन शैली** (सन् २०११) र **प्रयोगात्मक नेपाली शब्दकोश** (वि सं २०६६), पाद टिप्पणी, सन्दर्भ सामग्री सूचीका लागि उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागद्वारा प्रकाशित 'अभिज्ञान' नेपाली अर्द्धवार्षिक शोधपत्रिका, अङ्ग्रेजी शब्दका निम्ति **एकता कॅम्प्रिहेन्सिभ् इङ्ग्लिश्-नेपाली डिक्शन्रि**

(सन् २०१२) साथै उत्तर बङ्ग विश्वविद्यालयद्वारा जारी गरिएको शोधकार्यसम्बन्धी नियमावलीलाई आधार बनाइ प्रस्तुत शोधकार्य तयार पारिएको छ।

## १.९ सैद्धान्तिक ढाँचा र विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा लोक-सांस्कृतिक अध्ययनलाई मुख्य सैद्धान्तिक आधार मानेर इन्द्रबहादुर राईका गद्याख्यानको विश्लेषणात्मक अध्ययन गरिएको छ। यसका निम्ति उपलब्ध सामग्रीको विश्लेषण गरी अध्ययनको ढाँचा निर्माण गर्ने काम गरिएको छ। उपलब्ध सामग्रीको विश्लेषण र सामान्यीकरणद्वारा निष्कर्षमा पुग्ने क्रममा अङ्ग्रेजी, हिन्दी र नेपाली भाषामा लेखिएका लोकवार्ता, लोकसाहित्य र लोक-संस्कृतिपरक शोधसम्बद्ध सैद्धान्तिक पुस्तकहरू र उक्त पुस्तकमा प्रस्तुत अध्येताहरूको अवधारणालाई आधार मानिएको छ। अध्ययन सुविधाका लागि लोक-सांस्कृतिक अध्ययनले अँगाल्ने विविध क्षेत्रलाई निम्नलिखित चार भागमा विभाजन गरी अध्ययन-विश्लेषण गरिएको छ। ती हुन्- व्यावहारिक तथा औपचारिक लोक-संस्कृति, भौतिक लोक-संस्कृति, प्रदर्शनात्मक लोक-संस्कृति, कार्यात्मक लोक-संस्कृति आदि। यसै आधारमा इन्द्रबहादुर राईका गद्याख्यानमा लोक-सांस्कृतिक अध्ययन गर्ने काम गरिएको छ।

## १.१० पूर्वकार्यको सर्वेक्षण

लोक-सांस्कृतिक दृष्टिले आजसम्म इन्द्रबहादुर राईका गद्याख्यानको प्राज्ञिक अनुसन्धान गर्ने काम भएको पाइँदैन। जे जति उनका कृतिलाई लिएर अध्ययन अनुसन्धान गरी पत्रपत्रिका र पुस्तक र शोध ग्रन्थहरू प्रकाशित भएका छन्, त्यसले यस शोधकार्यको विषयसित प्रत्यक्ष-परोक्ष सम्बन्ध राखेकाले उनका गद्याख्यानका बारेमा भएका विभिन्न पूर्वाध्ययनलाई कालक्रमअनुसार निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ-

धार्मिक एवम् सांस्कृतिक प्रसङ्ग इन्द्रबहादुर राईका उपन्यासमा पाइने लोक-सांस्कृतिक वैशिष्ट्य हो। मोहन पी दाहालले **दार्जीलिङ्का नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (सन् २००१) पुस्तकमा यिनै विषय र शीर्षकमा **आज रमिता छ** उपन्यासको अध्ययन गरिएको पाइन्छ। उपन्यासमा विविध धर्म र जातिलाई प्रतिनिधित्व गर्ने पात्रहरू र दार्जिलिङ नगरभित्र अवस्थित सार्वजनिक मन्दिर, गिर्जा, गुम्बा र अञ्चल विशेषको खानपान, वेषभूषा, इसाई धर्ममा प्रचलित मुत्युसंस्कारको प्रसङ्ग, विभिन्न चाडपर्व,

लोकविश्वास, अन्तर्धर्मीय विवाह प्रचलित रहेको कुराको उल्लेख उक्त पुस्तकमा गरिएको छ। दार्जिलिङको नेपाली लोक-संस्कृति आफ्नै तहको र विशिष्ट रहेको यस अध्ययनबाट बुझिएको छ। दार्जिलिङको लोक-संस्कृति कुन रूपमा विकसित बनेको छ, त्यसको झाँकी अध्येता दाहालको निम्नलिखित भनाइमा उद्धृत भएको छ-

> "दार्जीलिङ शहर नेपाली जाति बहुल स्थान हो तापनि यो शहर विभिन्न जाति, धर्म, सम्प्रदाय एवं संस्कृतिको सङ्गमस्थल भएको छ र यहाँ विभिन्न जाति, सम्प्रदाय माझ सम्प्रीति एवं सहिष्णुता रहेको; अन्तर्जातीय, अन्तर्गोष्ठीय र अन्तर्धर्मीय विवाहले सामाजिक मान्यता पाएको, नेपालीहरूले विभिन्न धर्म (हिन्दू, ईसाई, बुद्धिष्ट, इस्लाम) - ग्रहण गरेको तथा जातपात, खानपिन, वेषभूषा जस्ता व्यक्तिगत वा सामाजिक विषयहरूप्रति दार्जीलिङको नेपाली समाजको मनोभाव कट्टर हुनाको सट्टा उदार रहेको कुरो यस उपन्यासले स्पष्ट पारेको छ।"[१]

यस पूर्वाध्ययनले इन्द्रबहादुर राईका सो उपन्यास लोक-सांस्कृतिक अध्ययनको क्षेत्र रहेको बुझिएको छ। **श्री इन्द्रबहादुर राई अभिनन्दन ग्रन्थ** (सन् २००२) मा समावेश गरिएको शरद छेत्रीले 'हिड़नु खोज्दा! 'एउटा विचारको यात्रापथ' - कथाबाट' शीर्षक लेखमा प्रस्तुत कथा घर घरमा हरिणको सिङ फुकेर भूतप्रेतको प्रकोपबाट रक्षा गर्ने गोरखमत अनुयायी साधुहरूबारेमा लेखिएको मानेका छन्। कथामा उद्धृत 'जहाँतक जोगी भेरी बजायै उहाँतककी रच्छे' भन्ने गोरखमत अनुयायीहरूको मन्त्रमा समीक्षक छेत्रीले विचलन रहेको विचार व्यक्त गर्दै लेखेका छन्- "भेरी फुक्थ्यो भन्ने कुरो, भेरीको अर्थ 'प्राचीनकालमा रणक्षेत्रमा बजाइने एकप्रकारको ठूलो ढोल बाजा वा एक किसिमको ठूलो खालको दमाहा' हुनाले अलिक नमिलेको जस्तोमा पढ़िन्छ।"[२] यसलाई तर समीक्षकले सामान्य त्रुटी मानेका छन्। यसै ग्रन्थमा 'तेस्रो आयामदेखि लीला लेखनसम्म' शीर्षक दिएर पेम्पा तामाङले 'उहाँले दार्जीलिङीय भेकका जनसाधरणमा फैलिएका भाषालाई स्वाभाविक मान्नुहुन्छ' भनेर लेखेका छन्। व्याकरणको भाषालाई भन्दा व्यक्तिगत बोली अर्थात् लोकभाषालाई प्राथमिकता दिइएर राईले कथाहरू लेख्ने गरेका तिनको बुझाइ छ। समीक्षक तामाङको यस बुझाइअनुसार लोकभाषा राईका कथामा पाइने मूलभूत तत्त्व हो भन्ने देखिन्छ। यस पूर्वाध्ययनले राईका कथाको अध्ययन लोकभाषालाई पनि बनाउन सकिन्छ भन्ने बुझिएको छ। सारध्वज सुब्बाको 'श्री

---

[१] मोहन पी दाहाल, सन् २००१, **दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति, दार्जिलिङ**, श्याम ब्रदर्स प्रकाशन, पृ १७२

[२] शरद छेत्री, सन् २००२, 'हिड़नु खोज्दा! 'एउटा विचारको यात्रापथ' - कथाबाट', चन्द्र शर्मा र गोकुल सिन्हा (सम्पा), **श्री इन्द्रबहादुर राई अभिनन्दन ग्रन्थ**, खरसाङ, शिवकुमार राई स्मृति अकादमी, पृ २१५-२१६

इन्द्रबहादुर राईको ‘जार : भएकै एउटा कथा’-मा मेरो दृष्टिकोण’ सोही ग्रन्थमा समावेश गरिएको लेखमा राईका यस कथाको पृष्ठभूमि केही मात्रामा लीलबहादुर छेत्रीको **बसाइँ** उपन्यासलाई पारदर्शित पारेको उल्लेख गर्दै मगर जातगोष्ठीमा प्रचलित मितेरी प्रथा सन् पचास र साठीको दशकमा खुबै प्रसिद्ध थियो तर आजको पिँढीमा यो प्रथा प्रायः लोप नै भइसकेको छ भन्ने विचार व्यक्त गरेका छन्। समीक्षकले नेपाली लोकजीवनमा चलिआएको मीत लगाउने चलनलाई मितेरी प्रथा नै भनेका छन्। यसै गरी गाउँबस्तीहरूमा यद्यपि रीतिथिति, पञ्च सभाको प्रथा अझै यथावत रहेको र यस्ता प्रथाहरूलाई मास्न दिनु हुँदैन भन्ने तिनले आग्रह समेत गर्दै कथाकारको लक्ष्य पनि यही हो भन्ने विचार राखेका छन्। ठूलीको बिहाइते घरमा रुद्रमानले गएर ठूलीसँग वैवाहिक सम्बन्धमा सोधपुछ गर्दा भएको घटनापछि भाग्दै जाँदा घनघोर जङ्गलबिच बाघ भेटेको प्रसङ्गमा तिनताक पर्यावरण सन्तुलित थियो तर आज प्राकृतिक सम्पदा, वनजङ्गल माँसिदै गएको, जताततै भलपैह्रो जान थालेको, खोलानाला सुकिसकेको, परिवेश र पर्यावरणको रोकथाम नभएको चिन्तन व्यक्त गरेका छन्। घनघोर जङ्गल भएकाले समसाँझै गाउँघरमा आएर बाघ गर्जन्थे भन्ने कुरा साहित्यिक कृतिहरूमा पढेका स्मरण गरेका छन्। प्रकृतिको रक्षाका निम्ति साहित्यले कतै न कतै योगदान गरेको छ भन्ने तिनको भनाइले दर्साएको छ।

पत्रपत्रिका र जर्नलहरूमा उनका कथाहरू र उपन्याससम्बन्धी लेखहरू प्रकाशित भएका पाइन्छन्। मोहन पी दाहालद्वारा सम्पादित ‘नेपाली जर्नल’ (अङ्क १, सन् २००१-०२)-मा जम्मा १८ वटा समकालीन नेपाली गद्याख्यानमा आधारित कार्यपत्रहरू समावेश गरिएको छ। तीमध्ये कृष्णराज घतानीले इन्द्रबहादुर राईको तीन चरणका कथाहरूलाई लोकतत्त्वका दृष्टिले अध्ययन गर्दै ‘रातभरि हुरी चल्यो’, ‘जारः भएकै एउटा कथा’, ‘छुट्टाइयो’, ‘जयमाया आफूमात्र लिखापानी आइपुगी’ कथामा प्रखर लोकदृष्टि परेको विचार व्यक्त गरेका छन्। यीमध्ये पहिलो नेपाली लोकजीवनको मार्मिक कथामा अविस्मरणीय लोकालोक विम्बित पार्नमा कथाकार सचेत र सजग रहेको उल्लेख गरेका छन् भने नेपाली लोक परम्परित व्यवहारकै प्रतिच्छा प्रदर्शित भएको कथा दोस्रोलाई मानेका छन्। तेस्रो कथाले लोग्नेस्वास्नीको झगडालाई न्याय गर्न पारम्परिक पञ्चायत प्रथालाई सजग र सचेत दृष्टिले हेरिएको उल्लेख गरेका छन्। ‘हामी जस्तै मैनाकी आमा’ कथामा दार्जिलिङीय नेपाली लोकजीवन र लोक परिवेशको बिम्ब पाइने सन्दर्भ प्रस्तुत गर्दै अनिश्चित नेपाली लोकजीवनको पर्याय देखाउन चाहेको उल्लेख गरेका छन्। ‘बाघ’, ‘मिथक मात्र’, ‘घाँसीसँग’, ‘जन्ती’, ‘कठपुतलीको मन’ -लाई बौद्धिक लोकचैतन्य र लोकमानसलाई पक्रेर राख्न सक्षम

कथाका रूपमा हेरेका छन्। समीक्षकले राईका कथाहरूको विवेचनीय सबल पक्ष लोकतत्त्वका प्रयोगलाई मानेका छन्। समीक्षकले "राईका कथाकारितामा विम्बित लोक-परिवेश सामान्य र सूक्ष्मदेखि लिएर व्यापक र स्थूल रूपमा पाउन सकिन्छ"[३] भनेका छन्। अतः लोक-सांस्कृतिक आधारमा राईका कथाहरूको अध्ययन गर्न सकिन्छ भन्ने यस पूर्वाध्ययनलाई आत्मसात् गर्न सकिन्छ।

घनश्याम नेपालद्वारा सम्पादित **कथा सागर** (सन् २००३) पुस्तकमा इन्द्रबहादुर राईका 'जार : भएकै एउटा कथा', 'एउटा दिनको सामान्यता', 'विश्व तिम्रा चरणमा' तीनवटा कथाहरू समावेश गरिएको छ। यसमा इन्द्रबहादुर राईका जन्म, शिक्षा, व्यवसाय, कथाकारिताको परिचय, प्रवृत्तिबारे छोटोमा प्रकाश पार्दै राईका कथाकारिताको पहिलो चरण तथा प्रवृत्तिलाई प्रकृतवादी-यथार्थवाद भनेका छन्। यसमा राईको जन्म सन् १९२९, बालासन चियाबारी, दार्जिलिङ भनिएको छ। सम्पादकले उद्धृत गरेको जन्मतिथि र लेखक आफैले दिइएको तिथिअनुसार राईको जन्म कुन सालमा भएको हो भन्ने विषयमा अन्योलता छ। तापनि लेखक आफैले जन्मतिथि सन् १९२७ भनी एक ठाउँ आफ्नो हस्ताक्षरमा उद्धृत गरेको हुँदा त्यसैलाई आधिकारिक मानिलिन सान्दर्भिक हुन्छ। अतः उक्त पुस्तकमा तीनवटा कथाहरूमध्ये 'जार : भएकै एउटा कथा' को संरचनालाई खुलाउँदै लोक-सांस्कृतिक आधारमा 'नेपाली जातिको एउटा संघटक एकाई रहेको गुरुङ समाजका पारिवारिक संरचनाका सांस्कृतिक नियम र मान्यताको 'मोटिफ' मा उभिएको प्रकृत-यथार्थवादी कथा हो'[४] भनेर उल्लेख गरेका छन्। कथामा पाइने 'मितेरी साइनो' र अझ पछि 'जङ्गबहादुरले फराक गराइदिएको जारलाई ठाडै काट्न पाइन्छ' भन्ने मान्यता, 'रुद्रमान र ठुलीको सम्बन्धबारे समाजले सुनाएको निर्णय' आदि कुरा समाजको विस्तार र अन्य संस्कृतिसँगको सम्बन्धले भएको त्यही मामाचेला र फुपूचेलीका परिवारमा परस्पर बिहेबारी चल्ने प्रथा र त्यसैमा सो कथा पनि केन्द्रित हुनाले नेपाली समाजका सांस्कृतिक 'मोटिफ' को प्रयोग आकर्षणीय बनेको मानिएको छ। सम्पादकको यस विमर्षणले आलोच्य कथाको सांस्कृतिक संरचनाबारे प्रस्ट भएको छ।

**सिर्जनाको समावलोकन** (सन् २००९) पुस्तकमा राजकुमार छेत्रीले 'समकालीन भारतीय नेपाली कथामा सांस्कृतिक चेतना' शीर्षक भएको सङ्गृहीत लेखमा इन्द्रबहादुर राईलाई पनि यस परम्परामा राखेर चर्चा गरेका छन्।'रातभरि हुरी चल्यो', 'जार : भएकै एउटा कथा', 'छुट्टाइयो', 'चपरासी' चारवटा

---

[३] कृष्णराज घतानी, शरद्-शिशिर, २००१-२, 'समकालीन नेपाली कथामा लोकतत्त्व', मोहन पी दाहाल र अन्य (सम्पा), **नेपाली जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ, मधुसूदन बिष्ट, पृ १००

[४] घनश्याम नेपाल, सन् १९८९, **कथा सागर**, गान्तोक, मुक्ता शर्मा, जनपक्ष प्रकाशन, पृ १७०

कथालाई मात्र लिएर सांस्कृतिक चेतनाको अध्ययन गरे पनि कथाकार राईका **विपना कतिपय** को कालखण्डमा लेखिका प्रायःजसो कथाहरूले नेपाली समाजभित्रकै आर्थिक, सामाजिक-सांस्कृतिक विविध पक्ष र परिवेशलाई कथाको रुचि क्षेत्र बनाएको छ भन्ने समीक्षक छेत्रीले उल्लेख गरेका छन्। कतिपय कथामा नेपाली सांस्कृतिक चाडपर्वको महिमा र महत्त्वलाई केन्द्रीय पृष्ठभूमिमा राखेर कथ्यसंयोजन गरिएको छ भन्ने तिनको विचार भेटिन्छ। समीक्षक छेत्रीले 'जार : भएकै एउटा कथा'-लाई सामाजिक-सांस्कृतिक चिन्तन बोकेका सर्वश्रेष्ठ कथा मानेका छन्। नेपाली लोक-सांस्कृतिक अध्ययनका दृष्टिले उक्त सङ्गृहीत रचना धेरै उपयोगी र अनुसन्धानमूलक रहेको देखिन्छ। समीक्षकले 'समकालीन भारतीय नेपाली कथामा लोकसांस्कृतिक सन्दर्भको साथ-साथै व्यक्ति समाज र जातिलाई बुझ्न र राजनैतिक-संस्कृतिहरूको पनि अध्ययन-अनुशीलन गर्न समयको माग र आवश्यकता रहेको देखिन्छ'[५] भनी उल्लेख गरेवापत् यस पूर्वाध्ययनअनुसार लोक-संस्कृतिमा आधारित इन्द्रबहादुर राईका आख्यानको अध्ययन सान्दर्भिक देखिन्छ।

पुष्कर पराजुलीले **चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन** (सन् २०११) शीर्षक पिएच डी शोध प्रबन्धमा चियाकमानमा बसोवास गर्ने लोकजीवनको सन्दर्भमा दार्जिलिङबाट प्रकाशित वा दार्जिलिङका उपन्यासकारद्वारा लेखिएका मोठ दसवटा उपन्यासहरूमध्ये इन्द्रबहादुर राईका **आज रमिता छ** उपन्यासको सामाजिक-सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक, स्वास्थ्यगत आदि पक्षलाई मूल आधार मानी तिनको समाजपरक अध्ययन गरेका छन्। पराजुलीले उपन्यासमा चियाकमानभित्रकै सामाजिक परिवेश चित्रण नभए पनि चियाकमानको सामाजिक स्थितिलाई थोरै बुझ्न सकिने बताउँदै सो सन्दर्भमा उपन्यासमा गरिएको श्रमिक ल्वाङफूलको घरको सांस्कृतिक चित्रणलाई उल्लेख गरेका छन्। त्यसमा कमानका मानिसहरूको परिश्रमी रहनसहन र सांस्कृतिक परिवेशको चित्रण भएको मानेका छन्।

भाषाबोली लोक-सांस्कृतिक अध्ययनको एउटा विषय हो। **विधा विविधा** (सन् १९९४) पुस्तकाकार कृतिमा घनश्याम नेपालले इन्द्रबहादुर राईका 'विपना कतिपयको विवेचन' शीर्षकमा भाषालाई मिथक अनि बोली त्यस मिथकको आधारभूत यथार्थ हो भने तापनि गद्याख्यानको माउ साइनो भाषासितभन्दा पनि धेर बोलीसँग गाँसिएको हुन्छ भनेका छन्। अतः इन्द्रबहादुर राईका **विपना कतिपय** का कथामा प्रयोग गरिएको भाषाका सन्दर्भमा लेख्छन्- "पूर्वी नेपाल तथा त्यससँग जोडिएको भारतको

[५] राजकुमार छेत्री, सन् २००९, **सिर्जनाको समावलोकन**, दार्जिलिङ, गामा प्रकाशन, पृ २८

दार्जिलिङ-सिक्किम भेकको नेपाली भाषी जन-जीवन र समाजका रहन-सहन, सामाजिक सांस्कृतिक यथार्थको अङ्कन-प्रत्यङ्कन तथा तिनका मान्यता र चित्रण-वर्णन एवम् समीक्षणमा केन्द्रित यी कथामा कथाकारले विशेष गरी त्यसै भेकको नेपाली भाषाको प्रयोग गरेको पाइन्छ।"[६] यस विवरणमा इन्द्रबहादुर राईका कथामा नेपाली भाषी लोकजीवन र तिनका रहनसहन, सामाजिक सांस्कृतिक यथार्थको अङ्कन, क्षेत्रीय भाषाको प्रयोग भएको प्रस्ट देखिन्छ। इन्द्रबहादुर राईले आफ्ना कथामा लोक-व्यावहारिक शैली टिपेर राखेका कुरा यस पूर्वाध्यायनबाट थाहा लागेको छ।

मोहन पी दाहालद्वारा सम्पादित 'नेपाली अकादमी जर्नल' (वर्ष ११, अङ्क ११, मार्च २०१५) मा प्रकाशित वासुदेव पुलामीको 'जार : भएकै एउटा कथाको मिथकीय वाचन' शीर्षक लेखमा इन्द्रबहादुर राईका कथाहरूमा सामाजिक यथार्थता र सांस्कृतिक सन्दर्भ मुख्य रहेको विचार प्रस्तुत गरेका छन्। पुलामीले इन्द्रबहादुर राईको कथामा नेपाली जातिका सांस्कृतिक र परम्परागत नीति-नियमहरूलाई राम्ररी बुनेर उतार्न सकेको उल्लेख गरेका छन्। पुलामीका अनुसार 'यो सामाजिक यथार्थवादी कथा भएको हुँदा समाजसित संलग्न जाति, धर्म, परिवार, संस्कार, रीतिथिति, संस्कृति आदि यसले ओगटेका सेमियोस्फेयर अर्थात् चिह्नभूगोलहरू हुन्।'[७] यसो हुनाले मीत र जारको विरोधबाट नै कथामा संस्कृतिको संरचनालाई अर्थ दिइएको छ। पुलामीका विचारमा मीत र जारका मिथक सामाजिक जीवनको अचेतनमा गाडिएर बसेका सांस्कृतिक सङ्केतहरू हुन्। 'इन्द्रबहादुर राईका अधिकांश कथाहरूमा नेपाली लोक-संस्कृतिका मसिना-मसिना सङ्घटक तत्त्वहरू एकपछि अर्को गरेर खोतैखात मिलेर बसेका हुन्छन्' भन्ने अध्येता पुलामीको रहेको छ। लोक-सांस्कृतिक अध्ययनका लागि इन्द्रबहादुर राईका आख्यानलाई माध्यम बनाउन सकिन्छ भन्ने यस पूर्वाध्यायनमा देखिएको छ।

'आख्यानकार इन्द्रबहादुर राईका केही पात्र-पात्राहरू' शीर्षकको **इन्द्रायण** (सन् २०१८) मा छापिएको मनप्रसाद सुब्बाको वार्तामा राईका उपन्यासको रवि पात्र बाबुको परस्त्रीसँग अन्तरङ्ग व्यवहार थाहा पाएर औधि क्रुद्ध बनेर बाबुकै विरोध गरेको प्रसङ्गमा संस्कार र संस्कृतिको सन्दर्भ उल्लेख पाइन्छ। यस सन्दर्भमा समीक्षकले 'व्यक्ति अदृश्य र अँध्यारो अचेतनले होइन तर अदृश्य जगत्को संस्कार र संस्कृतिद्वारा निर्मित र निर्देशित हुन्छ भन्दै बाबुप्रति रविको वैरोध्य इडिपस ग्रन्थीबाट होइन तर ऊ हुर्केको

---

[६] घनश्याम नेपाल, सन् २०१४, **विधा विविधा**, कालेबुङ, उपमा प्रकाशन, पृ १९१

[७] वासुदेव पुलामी, मार्च २०१५, 'जार : भएकै एउटा कथाको मिथकीय वाचन', मोहन पी दाहाल र अन्य (सम्पा), **नेपाली अकादमी जर्नल**, वर्ष ११, अङ्क ११, रजिस्ट्रार, उ ब वि, पृ ९७

समाजबाट अर्थात् उसको चेतनामा रोपिएको संस्कार र सांस्कृतिक मान्यताबाट निर्देशित हो'[८] भनेका छन्। यस वार्तामा राईका तीनवटा कथाका पात्र-पात्राका बारेमा चर्चा गरिएको छ जसमा एउटा 'मिथक मात्र' कथा पनि हो। छोटो आयतनमा संरचित सो कथा प्राचीन मानवपरम्पराको एउटा मिथकको सिर्जना हो भन्ने वार्ताकारको निर्क्योल पाइन्छ। धोइएको बधशिलामा घाइते पिता राजालाई मौलोमा बाँधिएको प्रसङ्गमा वार्ताकारले 'मौलो' र 'बधशिला' जस्ता शब्दहरू सांस्कृतिक परम्पराका सङ्केतहरू हुन् भनेका छन्। यी शब्दहरूले हत्या तथा मार्नु जस्ता ठाडा अर्थ नदिएर कुनै धार्मिक रिबाज वा अनुष्ठानलाई प्रकट गर्छन् भनेका छन्। प्रस्तुत आलोच्य कथामा लोक-संस्कृतिको प्रसङ्ग पाइन्छ भन्ने यस पूर्वाध्ययनबाट थाहा पाइएको छ।

सुचन प्रधानले **नेपाली उपन्यासहरूको लोकतात्त्विक अध्ययन** (सन् २०१९) शीर्षक भएको पिएच डी शोध प्रबन्धमा जम्मा आठवटा भारतीय नेपाली उपन्यासहरूलाई मात्र लिएर अध्ययन गर्ने क्रममा **आज रमिता छ** उपन्यासको लोकतात्त्विक आधारमा अध्ययन गरेका छन्। लोकतत्त्वका आधारमा उपन्यासको अध्ययन गर्दा प्रधानले लोकजीवन, लोकविश्वास, लोकभाषा तीनवटा विषयको अध्ययन गरेका छन्। उनले लोकतत्त्वअन्तर्गत ग्रामीण र नागर दुवै लोकजीवनलाई समेट्न सकिन्छ भन्दै आधारस्वरूप सत्येन्द्रका भनाइलाई आफ्नो बुझाइमा यसप्रकार राखेका छन्- "लोकवार्ताका विद्वान्हरूले सहरीया लोकजीवनलाई पनि लोकवार्ताका अङ्ग मानेका छन्। ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसको मात्र लोकजीवन नभएर सहर वा नगरमा बसोबास गर्ने मानिसहरूको पनि नगर लोकजीवन हुन्छ।"[९]

उपन्यासको लोकजीवनको चर्चा गर्ने क्रममा उनले प्रस्तुत उपन्यासको पृष्ठभूमि दार्जिलिङ नगरलाई मानेका छन्। साथै दार्जिलिङ नगर वरिपरिको चित्रण तथा त्यहाँको रहनसहन, लोकजीवन एवम् लोकसंस्कारहरूको चित्रण भएको उल्लेख गर्दै मिश्रित संस्कृतिको प्रभाव यहाँको लोकजीवनमा परेको उल्लेख गरेका छन्। उपन्यासले ओगटेको परिवेश दार्जिलिङ नगरबाहिर चिया कमान पनि एउटा हो। त्यसो हुँदा उपन्यासमा कमानका मानिसहरूको लोकजीवन, लोककला र सांस्कृतिक परिवेशको चित्रण भएको उक्त शोध ग्रन्थमा प्रकाश पारिएको छ भने लोक-संस्कृतिका तत्त्वहरूले गर्दा उपन्यास जीवन्त भएको

[८] मनप्रसाद सुब्बा, सन् २०१८, 'आख्यानकार इन्द्रबहादुर राईका केही पात्र-पात्राहरू' वासुदेव पुलामी र ज्ञानेन्द्र यक्सो (सम्पा), **इन्द्रायण**, वार्ता सङ्कलन, कालेबुङ, उपमा प्रकाशन, पृ ३१

[९] सुचन प्रधान, सन् २०१९, **नेपाली उपन्यासहरूको लोकतात्त्विक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, सिक्किम विश्वविद्यालय, पृ १३२

उल्लेख गरेका छन्।

सरस्वती मिश्राले **इन्द्रबहादुर राईका कथाहरूको समाजभाषिक अध्ययन** (सन् २०१९) शीर्षकमा गरिएको शोध प्रबन्धमा भाषिक भेदका आधार जातलाई मानिएको छ, जसमा लोक-सांस्कृतिक सन्दर्भ उल्लेख पाइन्छ। इन्द्रबहादुर राईका कथामा खस साथै मङ्गोल किरात वंशमा के कस्ता जातीय संस्कार प्रचलित छन् त्यसबारे शोधार्थी मिश्राले प्रकाश पारेका छन्। मिश्राका अनुसार खस साथै मङ्गोल किरात वंशमा शुद्धिकरणका लागि गउँत साथै सुन पानी प्रयोग गर्ने गर्दछन्। यो उनीहरूले जन्मैदेखि सिकेको अभिन्न संस्कार हो। उनले 'जार : भएकै एउटा कथा'-मा थापा जात भएको पात्रामा यस्तो संस्कारको छाप भएको मानेका छन्। शाह, मल्ल, सिंह, ठकुरी, राणा, गुरुङ, मगर आदि जातमा मामाचेला-फुपूचेलाबिच विवाह गर्ने प्रथा चलिआएको उल्लेख उपर्युक्त कथाको सन्दर्भमा गरिएको छ। मामाचेला-फुपूचेला विवाह गर्नु मातृसत्तात्मक प्रथाको अवशेष हो भन्ने तथ्य यस शोधले दिएको छ। त्यसै गरी 'बाघ' र 'जन्ती' कथामा धर्मद्वारा उत्पन्न भाषिक भेदको चर्चा गर्ने प्रसङ्गमा धर्मप्रति आस्था व्यक्त भएको उल्लेख गरिएको छ। उनले 'हिन्दू धर्मावलम्बीहरू ईश्वरको प्रतिमा (मूर्ति) का साथै प्रकृतिको पनि पूजक हुन्छन्, जसको यथार्थ चित्रण प्रस्तुत दुईवटा कथाका पात्रहरूको भाषा प्रयोगबाट थाहा पाइन्छ'[१०] भनी लेखेका छन्।

घनश्याम नेपाल र अन्यका संयुक्त सम्पादनमा प्रकाशित 'अभिज्ञान' (सन् २०१९) वर्ष : ८ अङ्क : १० मा कृष्णकुमार सापकोटाको 'विपना कतिपयका कथाहरूमा पाइने लोकतत्त्व' शीर्षक लेखमा लोकवार्ताका परिचय दिएर सङ्ग्रहका कथाहरूमा लोकविश्वास, लोककौशल, लोकप्रचलन, र न्यायप्रणाली, उखान, वाग्धारा तथा लोकबोली आदि उपशीर्षकमा लोकतात्त्विक सन्दर्भहरूको चर्चा गरी राईका कथाहरूलाई लोकतात्त्विक दृष्टिले अझ बृहत् अध्ययन गर्न सकिन्छ भनेका छन्। इन्द्रबहादुर राईका कथाहरूले भारतीय नेपाली लोकजीवनलाई सफल रूपमा अभिव्यक्त गर्न सकेको निर्क्योल गरेका छन्। आफू बाँचेका ठाउँलाई आफ्ना कथाका परिवेश बनाएर त्यसै अनुरूपको भाषिकाको प्रयोग गरेका हुनाले समीक्षक सापकोटाले लोकबोली राईका कथामा पाइने एउटा प्रमुख लोकतत्त्वगत विशेषता मानेका छन्।

**इन्द्राख्यान** (वि सं २०७६) मा प्रकाशित कृष्ण भण्डारी 'मुमुक्षु'-ले 'एउटा विचारको यात्रापथ' कथामा आदर्श र यथार्थको द्वन्द्व, सामाजिक परम्परा र व्यक्ति चेतनाका बिचको द्वन्द्व, सत् र असत्को द्वन्द्व

[१०] सरस्वती मिश्रा, सन् २०१९, **इन्द्रबहादुर राईका कथाहरूको समाजभाषिक अध्ययन,** अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, सिक्किम विश्वविद्यालय, पृ २२३

गरी तीनवटा समाजको संस्कारगतद्वन्द्वबारे विश्लेषणात्मक अध्ययन गरेका छन्। यसको अघि समीक्षकले कथाकारको परिचय, सङ्क्षिप्त प्रवृत्ति र रचनाविधानलाई प्रकाश पारेका हुँदा कथानकका दृष्टिले 'एउटा विचारको यात्रापथ' कथाको कथानक सामाजिक-सांस्कृतिक मनोविज्ञानलाई आधार मानेर रचना गरिएको उल्लेख गरेका छन्। कथानकको सन्दर्भमा 'मान्छेले परम्परादेखि चलिआएका रीतिथितिलाई तिरस्कार गर्न पनि सक्दैन, अस्वीकार गर्न पनि सक्दैन' भनेका छन्। समीक्षकका विचारमा दान दिनु धर्म हो तर कुरै नबुझी दान दिनु अधर्म हो। भूतबाधाले मानिसलाई विभिन्न रोगको सिकार बनाउने गर्दछ त्यस्तो अवस्थाबाट मान्छेलाई फेरीवाल अर्थात् शिवदूत वा अनुचर घरमा आई फेरी लगाएर निको पार्ने गर्छन् त्यसैले गच्छेअनुसार जोगीलाई सिधा, वस्त्र, दक्षिणा दिनुपर्छ भन्ने परम्परित विश्वास कथामा रहेको छ, जसलाई समीक्षकले सत् र असत्को द्वन्द्व भनेका छन्। यस प्रसङ्गमा के लेख्छन् भने, "प्रस्तुत कथामा जीवनको कल्याण शिवसत्यले गर्दछन् भन्ने विश्वास गरी शिवका अनुचर हुँ भन्ने फेरीवाललाई सम्मान, सिधा, दक्षिणा दिई सत्कर्म गर्नुपर्छ भन्ने पक्ष सत् पक्ष हो। तर, शिवको अनुचर हुँ भेनर एकजना फेरी लगाउँदै हिँड्नुपर्नेमा अथवा विनाआशामा लोकको उपकार गर्न फेरी लाउनपर्छ भन्ने सत्यलाई भन्ने सत्यलाई बिर्सी हूलका हूल बाँधेर सोझा किसान ठग्दै हिँड्ने असत् फेरीवालको अब कुनै औचित्य छैन भनी तिरस्कार गर्नु नै असत्को विरोध हो।"[११] म पत्राले सत् हराएका असत् फेरीवाललाई काँचो स्कुसको डल्लो दिई हिस्याएको हुनाले यो व्यवहार नै सत् र असत्का बिचको द्वन्द्व हो। यसकारण समीक्षकले कथाकारलाई आधुनिकताका पक्षपाती मानेका छन्।

रामजी तिमल्सिमाको **इन्द्राख्यान** (वि सं २०७६) मा प्रकाशित 'इन्द्रबहादुर राईका कथाको प्रवासवादी पठन' शीर्षकमा राईका केही कथालाई आधार बनाएर दार्जिलिङमा नेपालीहरूको आगमन र बसाइँ सराइका बारेमा यथोचित उल्लेख गरी उनका कथामा दार्जिलिङको नेपाली समाजका मनोसामाजिक र सांस्कृतिक अवस्थाको सटीक चित्रण भएको मानेका छन्। राईका विभिन्न कथाहरूको विश्लेषण गर्ने क्रमा समीक्षक तिमल्सिनाले पनि 'एउटा विचारको यात्रापथ' कथामा 'शिवजीको बिम्बसँग अचेलका फेरीवालहरूलाई जोडेर मानवीय सभ्यतामा भएको लामो वैचारिक यात्राको यहाँ हिसाब-किताब गरिएको' उल्लेख गरेका छन्। लोकजीवनमा न्यायप्रणालीको आफ्नै विशेषता र महत्त्व देखिन्छ। मिश्र वैजयन्तीले

[११] कृष्ण भण्डारी 'मुमुक्ष', वि सं २०७६, 'एउटा विचारको यात्रापथ कथाभित्र संस्कारद्वन्द्व', रत्नमणि नेपाल (सम्पा), **इन्द्राख्यान**, दार्जिलिङ, देशपद राई, पृ २१९

‘जब इन्द्रबहादुर राईलाई पढ्छु’ शीर्षक लेखमा राईको ‘छुट्टाइयो’ कथामा लक्ष्मीलाई उसको कुनै कुरा नै खासमा नसुनी निर्णय गरिनु समाजको गलत मनोविज्ञान साथै नारी खराब हुन्छ भन्ने समाजको आइडिअलजी हो भनेका छन्। समीक्षकले आलोच्य कथाका भक्तिमान र लक्ष्मी लोग्नेस्वास्नीबिचको नाता छुटाउन गरेको तत्कालीन पञ्चायत नामको गाउँको पञ्चभेलालाई समाज भाँड्ने तत्त्व भनेका छन्। तर कृष्ण सापकोटाले समाजले सुनाएको सोही निर्णयलाई हाम्रो समाजमा रहेको समान न्यायप्रणालीतर्फ सङ्केत मान्दै नेपाली समाज लिङ्भेदरहित थियो भन्ने बुझ्नका लागि यस कथालाई हेर्न सकिने उल्लेख गरेका छन्।

उपर्युक्त पूर्वकार्यका सर्वेक्षणबाट के थाहा लाग्छ भने इन्द्रबहादुर राईका गद्याख्यानसम्बन्धी पत्रपत्रिका र पुस्तकहरूमा लोकतत्त्वका दृष्टिले अध्ययन गरिए तापनि आजसम्म प्राज्ञिक तहबाट यस विषयमा कुनै शोधकार्य भएको पाइँदैन। यसैले प्रस्तुत विषयमा विद्यावारिधि तहको अध्ययन आवश्यक रहेको स्पष्ट देखिन्छ।

### १.११ शोधकार्यको प्रारूप

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित छ अध्यायहरूमा विभाजन गरिएको छ-

| | |
|---|---|
| अध्याय एक | शोधकार्यको परिचय |
| अध्याय दुई | लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू |
| अध्याय तीन | गद्याख्यानको स्वरूपगत परिचय र लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्परामा इन्द्रबहादुर राई |
| अध्याय चार | इन्द्रबहादुर राईका कथाहरूको लोक-सांस्कृतिक अध्ययन |
| अध्याय पाँच | इन्द्रबहादुर राईका उपन्यासको लोक-सांस्कृतिक अध्ययन |
| अध्याय छ | उपसंहार र निष्कर्ष |

सन्दर्भ सामग्री सूची

परिशिष्ट

इन्द्रबहादुर राईका प्रकाशित **विपना कतिपय** (सन् १९७१), **कथास्था** (सन् १९७२), **कठपुतलीको मन** (सन् १९८९) तीनवटा कथा सङ्ग्रह र **आज रमिता छ** (सन् १९६४) उपन्यासमा लोक-सांस्कृतिक अभिलक्षणका आधारमा विषयको अध्ययन गरिएको छ। जम्मा छवटा अध्यायमा विभाजित यस शोधकार्यको पहिलो अध्यायको शीर्षक 'शोधकार्यको परिचय' राखिएको छ। यसमा शोध शीर्षक, शोधको प्रयोजन, शोधको समस्याकथन, शोधको उद्देश्यकथन, शोधकार्यको आवश्यकता र औचित्य, शोधकार्यको सीमा र क्षेत्र, शोध सामग्री स्रोत, शोध विधि, सैद्धान्तिक ढाँचा र विश्लेषण विधि, पूर्वकार्यको सर्वेक्षण प्रस्तुत गरिएको छ। त्यसपछि शोधकार्यको प्रारूपलाई समेटिएको छ।

यस शोधकार्यको दोस्रो अध्यायको शीर्षक 'लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू' राखिएको छ। इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक विश्लेषणको सैद्धान्तिक आधार तयार पार्ने क्रममा लोक र संस्कृतिको शब्दार्थ, परिचय र परिभाषा र लोकप्रिय संस्कृति, शिष्ट संस्कृति, सांस्कृतिक अध्ययन, पर्यावरणमाझ लोक-संस्कृतिको सम्बन्धबारे चर्चा गरिएको छ। त्यसपछि लोक-सांस्कृतिक अध्ययनको क्षेत्र र यसको वर्गीकरणबारे संस्कृतिविद्हरूको धारणालाई उल्लेख गरी गद्याख्यान विश्लेषणका निम्ति अपनाइएका लोक-सांस्कृतिक आधारबारे चर्चा गरेर लोक-सांस्कृतिक अध्ययन लोकवार्ताभित्र पर्ने एउटा अङ्गका रूपमा स्वीकार गरी अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

तेस्रो अध्यायको शीर्षक 'गद्याख्यानको स्वरूपगत परिचय र लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्परामा इन्द्रबहादुर राई' राखिएको छ। यस अध्यायमा गद्य र आख्यान शब्दको परिचय र नेपाली कथा र उपन्यासका आख्यानात्मक स्वरूप बारेमा चर्चा गरिएको छ। त्यसपछि साहित्यमा लोक-सांस्कृतिक अध्ययनको परम्परा र पृष्ठभूमिको उल्लेख गरेर आजसम्म लोक-सांस्कृतिक दृष्टिले भएका नेपाली गद्याख्यानको अध्ययन परम्परालाई उल्लेख गरिएको छ। त्यसपछि लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्पराको सर्वेक्षणात्मक अवलोकन गरिएको छ। यसो गर्ने क्रममा इन्द्रबहादुर राईका कृतित्व र साहित्यिक व्यक्तित्वको विकासक्रमको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ। यसको अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

यस शोधकार्यको चौथो अध्यायमा 'इन्द्रबहादुर राईका कथाहरूको लोक-सांस्कृतिक अध्ययन' शीर्षक राखिएको छ। यसमा लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका कथाहरूको विश्लेषण गरिएको छ। यसमा विषयको विश्लेषण गर्ने क्रममा औपचारिक, भौतिक, प्रदर्शनात्मक, कार्यात्मक चारवटा विधामा

विभाजन गरेर अध्ययन गरिएको छ। यस सन्दर्भमा राईका कथाहरूको परिचय, औपचारिक लोक-संस्कृतिअन्तर्गत अनुष्ठान एवम् लोकसंस्कार, विश्वासजन्य परम्परागत मान्यता, धर्मदर्शन, लोकव्यवसाय, लौकिक आचार-व्यवहार, लोकसाहित्य, लोक शब्दावली, भौतिक लोक-संस्कृतिअन्तर्गत परम्परागत भाँडाकुँडा, कृषिसम्बन्धी हातहतियार, परम्परागत घर-भवन, वेशभूषा, गरगहना र शृङ्गार प्रसाधन, लोकवाद्य, खानपान र परिकार, घरेलु जडीबुटी र उपचारपद्धति, यातायातका साधन, प्रदर्शनात्मकअन्तर्गत धार्मिक-सांस्कृतिक उत्सव, लोकखेल, लोकोत्सव, लोकनाच, चित्रकला, अभिनय, जातीय जीवन, न्याय-व्यवस्था, सुरक्षा-व्यवस्था, कार्यात्मक लोक-संस्कृतिअन्तर्गत कुमाले, सिकर्मी, लोहार, सुनार, बाँसकर्मी, मूर्तिकारद्वारा उत्पादित विभिन्न बुनाइ तथा हस्तशिल्पबारे चर्चा र अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

पाँचौं अध्यायमा 'इन्द्रबहादुर राईका उपन्यासको लोक-सांस्कृतिक अध्ययन' शीर्षक राखिएको छ। यसमा इन्द्रबहादुर राईका 'आज रमिता छ' उपन्यासको परिचय, 'आज रमिता छ' उपन्यासमा पाइने औपचारिक लोक-संस्कृतिको विश्लेषण, 'आज रमिता छ' उपन्यासमा पाइने भौतिक लोक-संस्कृतिको विश्लेषण, 'आज रमिता छ' उपन्यासमा पाइने प्रदर्शनात्मक लोक-संस्कृतिको विश्लेषण, 'आज रमिता छ' उपन्यासमा पाइने कार्यात्मक लोक-संस्कृतिको विश्लेषण गरी जम्मा पाँचवटा उपशीर्षकमा विभाजन गरेर विश्लेषण गरिएको छ। जसअन्तर्गत विधिपूर्वक गरिने विभिन्न अनुष्ठान एवम् लोकसंस्कार, मौखिक परम्पराका रूपमा लोकसाहित्य, लोक शब्दावली, परम्परागत भाँडाकुँडा, घर-भवन, हातहतियार, घरेलु सरसमान, गरगहना, शृङ्गार, खानपान तथा परिकार, जडीबुटी, उपचारपद्धति, यातायातका साधन, लोकवाद्य, जातीय जीवन, पारिवारिक जीवन, न्याय-व्यवस्था, सुरक्षा-व्यवस्था, लोकव्यवसाय, चाडपर्वहरू, लोकखेल, लोकनाच, लोकसङ्गीत, लोकोत्सव, चित्रकला, कुमाले, सिकर्मी, लोहारे, सुनारे, मूर्तिकार र बासकर्मीद्वारा उत्पादित भाँडाकुँडा, काष्ठकला, फलामे औजार, गरगहना, बुनाइ तथा हस्तशिल्प आदि वैशिष्ट्यहरूको परिचय गराइ लोक सांस्कृतिक दृष्टिले उपन्यासको विश्लेषण गरिएको छ। यसको अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

छैटौं अध्यायको शीर्षक 'उपसंहार एवम् निष्कर्ष' राखिएको छ। यसमा सबै अध्यायको संक्षिप्त सारांश र बुँदागत निष्कर्ष र भावी अध्ययनका लागि केही सुझाउहरू दिइएको छ। त्यसपछि शोध प्रबन्धमा प्रयोग गरिएका सामग्रीहरूलाई सन्दर्भ सामग्री सूचीमा वर्णानुक्रमअनुसार राखिएको छ। यसको अन्त्यमा जर्नलमा प्रकाशित शोधमूलक पत्र र 'निष्काम' उपन्यासको आवरण पृष्ठ, इन्द्रबहादुर राईको तस्वीर राखेर शोधकार्यको सङ्गठन पूरा गरिएको छ।